# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।१२।०५ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।१२।०४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगकोमागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु राजेन्द्र काफ्ले र सुशिला काफ्ले (वि.अ. को मु.नं. ०७६-CR-०३८७, वि.अ. को फैसला मिति २०८०।३।२२) | गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको। | साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ तथा दफा २९ को उपदफा (२), प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुनका साथै साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ ग, दफा २९ को उपदफा (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम जफत/असूल उपर समेत हुन। | **फैसलाः** अभियोग मागदावीबाट सफाई।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>• आयोगले जसरी जाँच अवधि कायम गरेको छ त्यसको युक्तियुक्त आधार र कारण आरोपदावीमा उल्लेख गर्न नसकेको। आयोगले जाँच अवधि निर्धारण गर्दा न त आर्थिक वर्षलाई आधार लिएको छ, न त कुनै बैज्ञानिक र सैद्धान्तिक आधार नै देखाइएको छ,<br>• प्रतिवादीको विभिन्न जाँच अवधिलाई समग्र रूपमा एउटै जाँच अवधि मानी सम्पत्तिको निक्योंल गर्नुपर्ने देखिएको,<br>• आरोपदावीमा मिति २०३६/६/१ देखि २०५४/८/३० सम्मको आय व्यय विवरण तयार गरेको तर आय व्ययमा गणना नगरेको हदसम्म इजलास सहमत हुन नसकेको। सो अवधिको आय व्यय समेत प्रतिवादीको जाँच अवधि भित्रै कायम गर्नुपर्ने देखिएको,<br>• आरोपदावीमा मिति २०७६/२/१ देखि २०७६/७/३० सम्मको आय व्यय विवरण उल्लेख गरी प्रतिवादीको सेवा अवधि भित्रको आय र व्यय पनि जाँच अवधिको सम्पत्तिमा गणना गरेको नदेखिएको,<br>• प्रतिवादीको समग्र आयमा आयोगबाट रु.१,७४,१४,०५८।८४ कायम गरिएकोमा अदालतबाट रु.३,६५,८२,६५८।६४ कायम गरी थप रु.१,९१,६८,५९९।८० आय कायम गरिएको,<br>• प्रतिवादीको समग्र व्ययमा आयोगबाट रु.७,१७,४१,१५०।८३ कायम गरिएकोमा अदालतबाट रु.३,५९,३५,०४०।०४ कायम गरिएको। | • आयोगले जसरी जाँच अवधि कायम गरेको छ त्यसको युक्तियुक्त आधार र कारण आरोपदावीमा उल्लेख गर्न नसकेता पनि आय र व्ययको आधारमा आय व्यय प्रवाहा विवरण तयार गर्ने क्रममा प्रतिवादीको आय भएको रकम भन्दा व्यय भएको रकम जाँहावाट वढी हुन आउछ र सो अवस्थामा प्रतिवादीले उक्त रकमको स्रोत समेत पुष्टि गर्न नसकेको अवस्थामा तँहा सम्म एक जाँच अवधि कायम गरिने हुँदा आयको स्रोत र खर्च विश्लेषण पद्धति (Source and Application Analysis) तथा आय भन्दा व्यय बढी हुने र प्रतिवादीबाट उक्त खर्चको स्रोत पुष्टि हुन नसक्नु नै आयोगबाट कायम गरिएको जाँच अवधिको प्रमुख आधार रहेको,<br>• सम्पूर्ण जाच अवधिलाई एउटै जाँच अवधि मानी समग्रतामा आय र व्ययको हिसाब किताब गर्दा प्रतिवादीले कुनै समयमा गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति र त्यसबाट बढेबढाएको सम्पत्तिले पछि गई सम्पूर्ण सम्पत्तिको स्रोत पुष्टि हुने अवस्था सिर्जना हुन जाने हुन्छ जसबाट प्रतिवादीका पहिलेका सम्पूर्ण गैरकानुनी आर्जन स्वतः कानुनी आर्जनमा रूपान्तरण भई प्रतिवादीलाई नै फाईदा पुग्ने अवस्था सिर्जना हुने,<br>• स्पष्ट कानुनी र न्यायिक मान्यताका विपरित हुने गरी प्रतिवादीको विभिन्न जाँच अवधिलाई समग्र रूपमा एउटै जाँच अवधि मानी सम्पत्तिको निक्योंल गर्नु पर्ने देखिन आयो भन्ने आधार ग्रहण गरी भएको उक्त फैसला प्रथम दृष्टिमा नै त्रुटीपूर्ण रहेको,<br>• यस आयोगमा कही कतै उल्लेख नगरेको आयस्रोत र रकम अदालतमा बयान गर्दा प्रतिवादीले उल्लेख गरेको तथा बहस नोटमा जिकिर लिएको आधारमा आ-आफ्नो उपति तथा खति व्यहोर्दै आएका परिवारका अन्य व्यक्तिको आय (कृषि वापत) समेत थप आय कायम गरिएको। अनुसन्धानको क्रममा प्रतिवादीले दावी नगरिएको आय अदालतमा पुगेपछि बहस नोटमा जिकिर लिएको भनी अनुमानको आधारमा आय थप गरी आम्दानी बढाउने र सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेको। |